भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ५ भागेश्वर, आषाढ १० गते, २०७८ साल (संख्या ४)

## भाग-२

### भागेश्वर गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि,२०७८

**गाउँसभाबाट स्वीकृत मिति : २०७८।०३।११**
**स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७८।०३।११**

**प्रस्तावना:** भागेश्वर गाउँपालिकाका क्षेत्रभित्र रहेका भौतिक पुर्वाधार, सम्पदा, उपकरण आदिको समयमानै मर्मत सम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्च मितव्ययीता र दिगो वनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१)यो कार्यविधिको नाम "भागेश्वर गाउँपालिका मर्मत सभार कोष संचालन कार्यविधि,२०७८" रहेको छ ।

२)यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

२.परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले "भागेश्वर गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८" लाई बुझाँउने छ ।

ख) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाई बुझाउनेछ ।

ग) "गाउँ कार्यपालिका" भन्नाले भागेश्वर कार्यपालिकालाई बुझाउनेछ ।

घ) "स्थानीय तह" भन्नाले भागेश्वर गाउँपालिकालाई बझाउनेछ ।

ङ) "उपभोक्ता समिति" भन्नाले गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्न बुझाउनेछ ।

च) "प्रमुख" भन्नाले भागेश्वर गाउँपालिकाको प्रमुखलाई वुझाउनेछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भागेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई वुझाउनेछ ।

ज) "भौतिक पुर्वाधार" भन्नाले गाउँपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलोखानेपानी, तटवन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनीक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

झ) "समिति" भन्नाले यो कार्यविधि वमोजिम गठन हुने समितिलाइ बुझाउनेछ ।

३.उद्देश्यः यो कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छ ।

क) भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सृजना गन ।

ख) स्थानीय श्रम सिप र प्रविधि मर्मत सम्भार गर्न सकिने ।

ग) समयमानै मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनवाट जोगिने ।

घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने ।

**४.मर्मत सम्भार कोष स्थापना :**

१) मर्मत सम्भार कोषको नामले स्थानिय तह विविध कोष खाता अन्तरगत रहने गरी देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ :

क) नेपाल सरकारबाट प्राप्त हुने रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) गाउँपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको कन्टिन्जेन्सी रकमको २५ प्रतिशतले हुन आउने रकम र प्रत्येक योजनाको थप १ प्रतिशतले हुन आउने रकम कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा गरिनेछ ।

च) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

५.खर्च गर्ने कार्यक्षेत्र :

१) मर्मत सम्भार कोषवाट देहाय वमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

क) ढल मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य ।

ख) वडा कार्यलय सामुदायिक भवनहरु मर्मत कार्य ।

ग) खानेपानी, सिचाई मुहान, पाईप तथा धारा मर्मत कार्य । ।

घ) नाली सरसफाई तथा मर्मत कार्य ।

ङ) बिद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य ।

च) सडकका खाल्डा खुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य ।

छ) तटवन्ध, वाँध मर्मत तथा ग्यावि‍न जाली लगाउने कार्य ।

ज) सामुदायिक विद्यालय, स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भैपरी आउने मर्मत कार्य ।

झ) पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य ।

ञ) वडा भित्र हुने भैपरी आउने आकस्मीक ।भैपरी आउने स– साना मर्मत कार्यहरु ।

ट) मठ, मन्दिर, गुम्वा, चर्च र मस्जिद इत्यादी धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य ।

६) खर्च गर्ने विधि र प्रकृया :

(१) मर्मत सम्भार कोषमा रहको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछ :

क) एक पटकमा अधिकतम रु ५०,०००। सम्म गरी वर्षमा ४ लाखमा नवढ्ने गरि वडा समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

ख) एक पटकमा अधिकतम रु २,००,०००। सम्मको मर्मत कार्य वडा समितिको सिफारिसमा मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

ग) रु. २,००,०००। भन्दा वढी को मर्मत सम्भार कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ । त्यसरी खर्च गर्दा पुर्वाधार मर्मतको हकमा प्राविधिक लागत इष्टीमेट वमोजिम गर्नुपर्नेछ ।

घ) कार्य सम्पन्न भएपश्चात प्राविधिक कर्मचारीवाट मुल्यांकन सिफारिस गर्नुपर्नेछ ।

ङ) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विल भर्पाई, डोर हाजिरीका आधारमा मर्मत कार्य गर्न व्यक्ति र संस्थालाई भुक्तानी दिईनेछ ।

च) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**७. मर्मत सम्भार कोष व्यवस्थापन समिति :**

१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपदा ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :

क) गाउँपालिको अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिकाको उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

घ) मर्मत सम्भार गरिने सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य – सदस्य

ङ) योजना शाखा प्रमुख – सदस्य सचिव

२) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

३) आवश्यकता अनुसारका सम्वद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

४) समितिको वैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**८. मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) गाउँपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने ।

ख) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत साधनको खोजि गर्ने ।

ग) सडक, ढल, खानेपानी, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार/स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायहरुको खोजी गर्ने ।

ङ) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्सम्बन्धी कार्यायोजना बनाउने ।

च) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने ।

छ) आवश्यकता अनुसार आकस्मिक मोवाइल मर्मत टोलि गठन गरी कार्य जिममोवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी वनाउने ।

**९. मर्मत सम्भारको लागि छनौटको मापदण्ड :**

१) उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिवाट मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।
ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।
च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

**१०. अनुगमन तथा सुपरिवेक्षण ::**

१) मर्मत सम्भार कोषवाट सञ्चालनहुने मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्यांकन देहाय वमोजिम हुनेछ ।

क) प्रत्येक मर्मतकार्यको वडा स्तरीय अनुगमन समितिवाट अनुगमन गर्नुपर्नेछ ।
ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिवाट समेत मर्मत कार्यका अनुगमन गर्नुपर्नेछ ।
ग) वडा स्तरीय अनुगमन समितिले अनुगमनको प्रतिवेदन अर्धवार्षिक रुपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।
घ) अनुगमन प्रतिवेदनमा औल्याईएका सुझावहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरि आवश्यक सुधार गर्नु पर्नेछ ।

**११. संसोधन वा खारेजी :**

१) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा गाउँकार्यपालिकाबाट हुनेछ ।
२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

आज्ञाले
हर्ष बहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत
भागेश्वर गाउँपालिका